**ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.**
**प्रधान कार्यालय बुटवलको कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**
**(मिति : २०८०/०६/०७)**

यस वित्तीय संस्थामा रिक्त रहेका देहायको पद ज्यालादारीमा पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८०/०६/०७ देखि मिति २०८०/०६/१३ गते कार्यालय समय भित्र दरखास्त/आवेदन सहित बायोडाटा पेश गर्न आव्हान गरिएको छ । दरखास्त/आवेदन सहित बायोडाटा पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र तथा कम्प्युटर तालिमको प्रमाणपत्र र दरखास्त दस्तुर जम्मा गरेको भौचर संलग्न गरी देहायको ईमेल ठेगाना/प्रधान कार्यालय बुटवलमा पेश गर्नु पर्नेछ । रीत नपुगी पेश हुन आएका दरखास्त/आवेदन उपर कुनै किसिमको कारवाही हुने छैन ।

**विज्ञापन नं.०२/२०८०/८१**

**पद : कार्यालय सहायक (सहायक तेश्रो तह)** **संख्या : केही**

शैक्षिक योग्यता :- एसएलसी/एसइइ वा सो सरह उत्तीर्ण ।

उम्मेदवारको उमेर :- दरखास्त/आवेदन दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

दरखास्त दस्तुर रु. ५००।- (अक्षरेपि पाँच सय मात्र) सिटिजन्स बैंक इन्टरनेशनल लि. शाखा कार्यालय बुटवलमा रहेको यस संस्थाको खाता नं ०१२०१०००००३२३२०१ मा जम्मा गरी सोको सक्कल भौचर पेश गर्नु पर्ने छ ।
उम्मेदवारको छनौट विधि :- अन्तर्वार्ता ।

**अन्य विवरण**

१. शैक्षिक योग्यता, कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको र दश जोड २ वा सो सरहको शैक्षिक योग्यता आदिको आधारमा उम्मेदवारहरुको संक्षिप्त सूची (Shortlisting) तयार गरी अन्तर्वार्ताको लागि छनौट गरिने छ ।
२. अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरुले शैक्षिक योग्यता, नागरिकता, कम्प्युटर तालिम तथा कार्य अनुभवको प्रमाणपत्रको सक्कल प्रति सहित उपस्थित हुनु पर्ने छ ।
३. छनौटमा परेका उम्मेदवारहरुको अन्तर्वार्ता तोकिएको मिति र समयमा सञ्चालन गरिने छ ।
४. उम्मेदवारले उपलब्ध गराएको इमेल ठेगाना/मोबाइल नम्बरमा अन्तर्वार्ताको लागि जानकारी गराइने छ ।
५. तोकिएको मिति समय पश्चात प्राप्त आवेदन उपर कुनै कारवाही गरिने छैन ।
६. पारिश्रमिक तथा सेवा सम्बन्धी शर्त :- संस्थाको नियमानुसार हुने छ ।
७. दरखास्त/आवेदन इमेल मार्फत पठाउँदा Scan गरी संस्थाको इमेल ठेगाना vacancy.btwl@gmail.com मा पठाउनु पर्ने छ । दरखास्त /आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय सञ्चालन भएको अर्को दिन आवेदन गर्न सकिने छ ।
८. दरखास्त सम्बन्धी सूचना र फारम संस्थाको वेबसाइट www.gblbs.com.np मा र सम्बन्धित प्रदेश कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ ।
९. दरखास्त सम्बन्धमा जानकारी लिनु परेमा कार्यालय समय भित्र फो नं. ०७१-४३८९५४ मा सम्पर्क गर्न सकिनेछ ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
जनशक्ति व्यवस्थापन विभाग, प्रधान कार्यालय, बुटवल